# *मुनामदन* खण्डकाव्यमा करुण रस

डा. प्रेमप्रसाद तिवारी
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
Orcid ID : https://orcid.org/0009-0007-4433-7501
tiwari.prem828@gmail.com

डा. शालिकराम पौड्याल
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
Orcid ID : https://orcid.org/0009-0007-6023-9864
Email: paudyalshalikram@gmail.com


### लेखसार

प्रस्तुत लेखमा लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' खण्डकाव्यलाई पूर्वीय रससिद्धान्तका आधारमा विश्लेषण गरी रसाभिव्यक्तिको अवस्था निरूपण गरिएको छ । प्रस्तुत लेखमा करुण रसको सिद्धान्तका आधारमा मुनामदन खण्डकाव्य के कस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित भई अध्ययन अगाडि बढाइएको छ । यस लेखमा सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा 'मुनामदन' खण्डकाव्य छनोट गरी पुस्तकालयीय कार्यका माध्यमबाट प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन गरेर विश्लेषण गरिएको छ । प्रस्तुत लेखमा मुना, मदन, आमा, भोटे, दिदी, नैनी, गुन्डा आदि आलम्बन विभाव आएका छन् । नेपालको काठमाडौँ सहर तथा भोटका विभिन्न स्थल उद्दीपन विभावका रूपमा अएका छन् । यस लेखमा चिन्ता, दैन्य, अश्रु, संशय, ग्लानि, हर्ष, वितर्क, निद्रा, तर्क, मति, औत्सुक्य, स्मृति आदि व्यभिचारीभाव बनेका छन् भने यिनै व्यभिचारीभावबाट परिपुष्ट बनेको शोक स्थायीभाव करुण रसका रूपमा अभिव्यक्त भएको छ भन्ने निष्कर्ष निकालिएको छ ।


**शब्दकुञ्जी** : अनुभाव, विभाव, व्यभिचारीभाव, शोक स्थायीभाव

### विषयप्रवेश

लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) नेपाली साहित्यका महाकवि हुन् । विविध विधामा कलम चलाए पनि उनले कविता विधामा नै प्रसिद्धि प्राप्त गरेका छन् । लक्ष्मीप्रसाद देवकोटाका परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले उच्चस्थान प्राप्त गर्न सफल काव्यकृतिहरू प्रकाशित भएका छन् । उनका *मुनामदन* (१९९२), *राजकुमार प्रभाकर* (१९९७), *कुञ्जिनी* (२००२), *वसन्ती* (२००९), *रावणजटायुयुद्ध* (२०१५), *म्हेन्दु* (२०१५), *लूनी* (२०२३), *मायाविनी सर्सी* (२०२४), *सीताहरण* (२०२४), *कटक* (२०२६), *मैना* (खण्डकाव्य सङ्ग्रह : २०३९) आदि खण्डकाव्य उल्लेख्य रहेका छन् । उनले नेपाली साहित्यलाई सङ्ख्यात्मक तथा गुणात्मक दुवै कोणबाट अब्बल कृति प्रदान गरेका छन् । त्यसैले नेपाली साहित्यको खण्डकाव्यलाई उर्वर बनाउने कार्य यिनै महान् सर्जकबाट भएको देखिन्छ । यिनका खण्डकाव्यमा स्वच्छन्दतावादी भावधाराको अभिव्यक्ति पाइन्छ । नेपाली खण्डकाव्य परम्परामा स्वच्छन्दतावादी भावधाराको प्रारम्भ यिनै स्रष्टाबाट भएको हो । लक्ष्मीप्रसाद देवकोटाका रचनामा प्रकृति चित्रण, मानवतावादी चिन्तन, द्रुततर आशुलेखन, प्रगतिवादिता, विषयगत विविधता, रसविधानमा विविधता, लयगत विविधता, बिम्बालङ्कारगत वैचित्र्यपूर्ण कलात्मक भाषाशैली जस्ता विशेषता

प्राप्त गर्न सकिन्छ। यस लेखमा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित *'मुनामदन'* खण्डकाव्यलाई पूर्वीय रससिद्धान्तका आधारमा विश्लेषण गरेर रस निष्पत्तिको अवस्था निरूपण गर्ने काम गरिएको छ । करुण रसको सिद्धान्तका आधारमा *'मुनामदन'* खण्डकाव्य के कस्तो रहेको छ ? भन्ने मूल समस्यामा यो लेख केन्द्रित रहेको छ । यस लेखको मुख्य उद्देश्य *'मुनामदन'* खण्डकाव्यमा रससिद्धान्तका मुख्य उपकरण विभाव, अनुभाव, व्यभिचारीभाव तथा स्थायीभाव संयोजनको अवस्था पहिचान गर्नु रहेको छ। यिनै सामग्रीका आधारमा खण्डकाव्यको रसनिष्पत्ति निरूपण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धान कार्य गुणात्मक प्रकृतिको रहेको छ । यस लेखमा सोद्देश्यमूलक नमुना छनोटका आधारमा लक्ष्मीप्रसाद देवकोटाको *'मुनामदन'* खण्डकाव्यलाई करुण रसको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनसँग सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालय कार्यका आधारमा गरिएको छ । यस लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत *'मुनामदन'* खण्डकाव्य रहेको छ भने द्वितीयक स्रोतमा *'मुनामदन'* खण्डकाव्यका बारेमा गरिएका विश्लेषण रहेका छन् । त्यस्तै सिद्धान्त निर्माणका लागि पनि प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । आचार्य भरतको 'नाट्यशास्त्र' तथा अन्य आचार्यहरूका लक्षण ग्रन्थ प्राथमिक स्रोतका रूपमा रहेका छन् भने यिनका विषयमा गरिएका व्याख्या तथा टीकाटिप्पणीलाई द्वितीयक स्रोतका सामग्री मानिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस लेखमा करुण रसको स्थापित सिद्धान्तका आधारमा *'मुनामदन'* खण्डकाव्यको अध्ययन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

विभाव, अनुभाव र व्यभिचारीभावका माध्यमबाट परिपुष्ट बनेको शोक स्थायीभाव करुणका रूपमा अभिव्यक्त हुन्छ। यस रसमा आफन्तजनको वियोग, प्रियवस्तुको नाश, अर्थको नाश आदि कारणबाट उत्पन्न भएको शोक स्थायीभाव परिपुष्ट बन्छ। करुण रसमा इष्टको नाश विभाव, लामो निःश्वास आदि अनुभाव, स्तम्भ, अश्रु आदि सात्त्विक भाव, निर्वेद, दैन्य आदि व्यभिचारीभावले शोक स्थायीभाव परिपुष्टि गर्छन् (तिवारी, २०७७, पृ.५१) । यिनै कारण, कार्य र सहकारी भावद्वारा परिपुष्ट बनेको शोक स्थायीभाव करुण रसका रूपमा प्रकट हुन्छ । यसमा प्रिय वस्तुको नाश र अप्रिय वस्तुको प्राप्तिसँग सम्बन्धित विषय आएको हुन्छ। यो श्राप, क्लेश, पतन, प्रियजनको वियोग, सम्पत्ति हानि, मृत्यु, बन्धन, दुर्भाग्यवश चोट लाग्नु तथा यस्तै प्रकारका अरू कष्टजनक विभावबाट उत्पन हुन्छ । करुण रसमा अश्रुपात, प्रलाप, मुख सुक्नु, विवर्ण हुनु, शिथिलता आदि अनुभावका रूपमा आएका हुन्छन् । यस रसमा निर्वेद, ग्लानि, चिन्ता, औत्सुक्य, आवेग, भ्रम, मोह, श्रम, भय, विषाद, दैन्य, व्याधि, जडता, उन्माद, अपस्मार, त्रास, आलस्य, मरण, स्तम्भ, वेपथु, वैवर्ण्य, अश्रु तथा स्वर भेद व्यभिचारीभाव तथा सात्त्विक भाव हुन्छन् । प्रिय व्यक्तिको मृत्यु तथा अमङ्गलकारी समाचार सुनेर चित्तमा आघात पर्दा करुण रस उत्पन्न हुन्छ । करुण रसमा रुनु, मूर्च्छा पर्नु, पश्चात्ताप गर्नु, विलाप गर्नु आदि क्रिया अनुभावका रूपमा प्रकट भएका हुन्छन् (शुक्ल, २०५७ पृ. ३२६-३२७) । करुण रसमा दैवनिन्दा, भूपात, क्रन्दन, विवर्णता, उच्छ्वास, निःश्वास, स्तम्भ तथा प्रलपन आदि अनुभाव बनेका हुन्छन् । यसमा निर्वेद, मोह, अपस्मार, व्याधि, ग्लानि, स्मृति, श्रम, विषाद, जडता, उन्माद, चिन्ता आदि व्यभिचारीभाव हुन्छन् (दाहाल, २००८, पृ.३१८-३१९) । करुण रसले मानिसलाई शोकाकुल अवस्थामा पुऱ्याउँछ । यस लेखमा करुण रसका आधारमा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *मुनामदन* खण्डकाव्यको विश्लेषण गरिएको छ। रस पूर्वीय काव्यशास्त्र परम्पराको भाववादी सम्प्रदाय हो । यस सम्प्रदायका संस्थापक आचार्य आचार्य भरतले विभाव, अनुभाव, व्यभिचारीभाव र

स्थायीभावलाई रस सामग्री मानेका छन् । यिनै रस सामग्रीका आधारमा *मुनामदन* खण्डकाव्यको विश्लेषण गरिएको छ :

**विभाव**

विभाव शब्दको व्युत्पत्ति 'भू' धातुमा 'वि' उपसर्ग तथा 'घञ्' (अ) प्रत्यय लागेर हुन्छ । 'विभाव' शब्दले काव्यनाट्यमा चित्रित भावलाई जगाउने तत्त्वलाई बुझाउँछ । आचार्य भरतले विभावलाई कारण, निमित्त तथा हेतुको पर्यायका रूपमा मानेका छन् (भरत, २०५७, पृ.३७३) । सहृदयको मनमा सुषुप्त अवस्थामा रहेका स्थायीभावलाई जागृत गराउने चरित्र, परिवेश तथा सन्दर्भलाई नै विभाव मानिन्छ । विभाव पनि आलम्बन र उद्दीपन गरी दुई प्रकारका हुन्छन् । विभाव भावहरू उत्पन्न हुने आधार आलम्बन हो (अधिकारी, २०५०, पृ.२९) । कुनै पनि रचनामा चरित्र वा पात्र नै आलम्बन विभावका रूपमा आएका हुन्छन् । तिनै चरित्रका क्रियाकलापलाई परिपुष्टि गर्नका लागि आएका भावलाई नै उद्दीपन विभाव भनिन्छ । यस्ता उद्दीपन विभावले भावलाई परिपुष्टि गरेका हुन्छन् । बाह्य परिस्थिति, उद्यान, प्राकृतिक सौन्दर्य आदि पनि उद्दीपन विभाव हुन् (विश्वेश्वर, सन् २०१३, पृ.७७) । आधुनिक साहित्यमा परिवेशका रूपमा चिनाइने तत्त्वहरू नै उद्दीपन विभावका रूपमा अएका हुन्छन् । आचार्य आनन्दवर्धनले बाहिरी परिस्थिति, बगैँचा तथा प्राकृतिक सौन्दर्यलाई उद्दीपन विभाव मानेका छन् (आनन्दवर्धन, सन् २०१३, पृ.७७) । आलम्बन विभाव विषयालम्बन र आश्रयालम्बन गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । भाव जागृत गराउने कारणलाई विषयालम्बन भनिन्छ । त्यस्तै जसमा भाव जाग्छ, त्यसलाई आश्रयालम्बन भनिन्छ । भाव जगाउने विषयालम्बनमा मानवेतर कुराहरू पनि पर्छन् । भावको अनुभूति गर्ने वा भाव जाग्ने भएकाले आश्रयालम्बनमा मानिस मात्र पर्छन् ।

**अनुभाव**

विभावले भाव प्रकट गराउँछ । विभावबाट जागृत भएको स्थायीभावको अनुभव गराउने भाव नै अनुभाव हो । अनुभाव शब्दको व्युत्पादन 'भू' धातुमा 'अनु' उपसर्ग लागेर हुन्छ (उपाध्याय, २०५५, पृ.२९) । आलम्बन विभावमा कुनै स्थायीभाव अङ्कुरित भएपछि प्रकट हुने भाव नै अनुभाव हुन् । विभावपछि उत्पन्न हुने अनुभावले वाणी, अङ्ग र सात्त्विक भावका सहायताबाट भावलाई अनुभूतियोग्य बनाउँछ (भरत, २०५७, पृ.३७४) । अनुभावले आन्तरिक भावलाई विभिन्न क्रियाकलापका माध्यमबाट बाहिर प्रकट गराउँछ । दृष्टि, सङ्केत आदि उपयुक्त लक्षणद्वारा भाव प्रकट गर्नुलाई नै अनुभाव भनिन्छ (आप्टे, सन् १९६९, पृ.४०) । व्यक्तिको मानसिकतामा सुषुप्त अवस्थामा रहेका भावलाई विभिन्न क्रियाकलापका माध्यमबाट प्रकट गराउने क्रियाकलाप नै अनुभाव हुन् । अनुभाव पनि कायिक, वाचिक, सात्त्विक तथा आहार्य गरी चार प्रकारको हुन्छन् । शरीरका अङ्ग सञ्चालन गरी दिइने भावगत अभिव्यक्ति कायिक हो । वचन वा बोलीका माध्यमबाट दिइने भावगत अभिव्यक्ति नै वाचिक अनुभाव हो । मानसिक भावका कारण शरीरमा देखिने विकारजन्य परिवर्तनलाई नै सात्त्विक अनुभाव भनिन्छ । त्यस्तै वेशभूषा वा पोसाकका माध्यमबाट प्रकट गरिने भाव नै आहार्य हो । यी अनुभावले स्थायीभावबाट प्रकट हुने क्रियाकलापलाई बाहिर ल्याइदिन्छन् । यस्ता भावलाई रसको कारण, कार्य तथा सहकारी पनि भन्न सकिन्छ (मम्मट, सन् २०१४, पृ.९८) । अनुभावले विभावमा जागृत स्थायीभावलाई विभिन्न क्रियाकलापका माध्यमबाट बाहिर ल्याइदिन्छ ।

**व्यभिचारीभाव**

व्यभिभारी शब्दको व्युत्पत्ति 'चर्' धातुमा 'वि' र 'अभि' उपसर्ग लागेर हुन्छ । यसले गतिशील हुनु, चल्नु तथा अनियमित हुनु भन्ने अर्थ बुझाउँछ । विभाव र अनुभावलाई परिपुष्टि गर्दै स्थायीभावलाई रसका रूपमा परिणत गराउने अस्थायी वा गतिशील प्रकृतिका भावलाई नै व्यभिचारीभाव भनिन्छ (उपाध्याय, २०५५, पृ.३०) । रस सिद्धान्तमा ३३ प्रकारका व्यभिचारीभावका विषयमा चर्चा गरिएको छ । यस्ता व्यभिचारीभावले रसका रूपमा अभिव्यक्त हुँदै गरेको स्थायीभावलाई परिपुष्टि गर्छन् । व्यभिचारीभावले रसाभिव्यक्तिको अवस्थालाई सङ्केत गर्छ । व्यभिचारीभाव आवेग जडता, आलस्य, निद्रा, उन्माद, शङ्का, स्मृति, लज्जा, ग्लानि, चिन्ता, तर्क आदि तेत्तिस प्रकारका हुन्छन् । विभावमा जागृत भएको स्थायीभावलाई परिपुष्ट पार्नका लागि आउने सञ्चरणशील भाव नै व्यभिचारी हुन् ।

**स्थायीभाव**

व्यक्ति मानसिकतामा सुषुप्त अवस्थामा रहेका स्थिर भाव नै स्थायीभाव हुन् । उपयुक्त वातावरण आएपछि स्थायीभाव जागृत हुन्छन् । यिनै स्थायीभावलाई विभाव, अनुभाव र व्यभिचारीभावले परिपुष्ट बनाएपछि रसका *रूप*मा अभिव्यक्त हुन्छन् । सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्तिलाई भाव भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ.४४) । यिनीहरूको सत्ता स्थिर किसिमको हुन्छ । यिनीहरू व्यक्ति मानसिकतामा स्थिर किसिमबाट रहन्छन् । स्थिर किसिमबाट रहने यिनै अन्तरिक भावलाई स्थायीभाव भनिन्छ । व्यभिचारीभाव र स्थायीभाव दुवै आन्तरिक तत्त्व हुन् । यी दुवै भावहरूको सत्ता मानसिक हुन्छ (भनुदत्त, सन् १९८८, पृ.८८) । उपुक्त अवसर आउनेबित्तिकै यिनीहरू बाहिर प्रकट हुन्छन् । यिनलाई रसानुभूतिको आन्तरिक र मुख्य कारण मानिन्छ (ढकाल, २०६७, पृ.५२) । यिनीहरू नै जीवनमा आनन्दको आधारका रूपमा रहेका हुन्छन् । चरित्रको समृद्धि तथा जीवनको मूल्यको आधार नै भाव हो र आनन्दको स्वरूप पनि भाव नै हो (नगेन्द्र, सन् १९७४, पृ.३२७) । भावले नै व्यक्तिको चरित्रलाई समृद्ध बनाउँछ । भावकै कारण व्यक्ति आनन्दानुभूतिको अवस्थामा पुग्छ । स्थायीभावले नै रसको स्व*रूप* निर्माण गर्ने भएकाले यो रसको बीजका *रूप*मा रहेको हुन्छ । यही बीजको विकसित वा परिपुष्ट अवस्था नै रस बनेर प्रकट हुन्छ ।

## छलफल तथा परिणाम

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *'मुनामदन'* (१९९२) खण्डकाव्यमा मुना, मदन, आमा, भोटे, गुन्डा जस्ता पात्र आएका छन् । तत्कालीन समाजमा प्रचलित रहेको लोकगाथासँग सम्बन्धित विषयको उपयोग गरी यस काव्यको रचना गरिएको छ । लोकगाथाका *रूप*मा विकसित भए पनि यस काव्यको विषयले नेपाली समाजको यथार्थ प्रस्तुत गरेको छ । यही काव्यलाई करुण रसको स्थापित सिद्धान्तका आधारमा विश्लेषण गर्ने कार्य यस लेखमा गरिएको छ ।

**विभाव**

*'मुनामदन'* खण्डकाव्यमा मदन, मुना, भोटे, आमा, गुन्डा, नैनी जस्ता आलम्बन आएका छन् । यस खण्डकाव्यमा नेवारी लोकगाथालाई कथावस्तुको स्रोतका रूपमा ग्रहण गरिएको छ । यस काव्यमा आएका पात्रहरू भने मौलिक खालका देखिन्छन् । यस खण्डकाव्यको प्रमुख नायक पात्रका रूपमा मदन आएको छ भने नायिकाका रूपमा मुना आएकी छ । सहायक सत् पात्रका रूपमा आमा, दिदी र भोटे आएका छन् भने सहायक खल पात्रका रूपमा गुन्डा र नैनी आएका छन् । गौण पात्रका रूपमा वैद्य, मदनका साथीहरू आएका छन् भने भोटेका छोराछोरी र मदनका छिमेकी दाजुभाइहरू सङ्केतित सूच्य पात्रका रूपमा आएका छन् । यस्तै खण्डकाव्यमा नेपालको काठमाडौं तथा भोटका विभिन्न स्थानहरू परिवेश वा उद्दीपन विभावका रूपमा आएका छन् ।

**आलम्बन विभाव**

*'मुनामदन'* खण्डकाव्यमा मदन, मुना, भोटे, आमा, गुन्डा, नैनी आदि आलम्बन आएका छन् । यी सबै आलम्बनमध्ये खण्डकाव्यमा मदन र मुनाको भूमिका प्रमुख रहेको छ । खण्डकाव्यमा आएका अरू आलम्बन यिनै प्रमुख आलम्बनको चरित्र विकासका लागि उपस्थित छन् । मदन यस खण्डकाव्यको नायक तथा प्रमुख पुरुष पात्र हो । खण्डकाव्यको प्रारम्भदेखि अन्तिम अवस्थासम्म खण्डकाव्यको कथावस्तुसँग मदन पूर्णतः आबद्ध देखिन्छ । मदनले नेपाली समाजको निम्न मध्यमवर्गीय जनजीवनको प्रतिनिधित्व गरेको छ । तत्कालीन अवस्थामा पैसा कमाउनका लागि विदेश जानै पर्ने परिस्थितिलाई मदनले सहज किसिमबाट स्वीकार गरेको छ । यसैले परिवारको आर्थिक गर्जो टार्न भोट जान तयार भएको मदनमा पारिवारिक जिम्मेवारीको ज्ञान रहेको पाइन्छ । विदेशमा गएर पैसा कमाएर मदन आफ्नो परिवारलाई भौतिक सुखसुविस्ता दिन चाहन्छ । उसले त्यति वेलाका पैसा कमाउन विदेशमा जाने नेपाली युवकहरूको प्रतिनिधित्व गरेको छ । मदन ल्हासामा गएर पैसा कमाएर सम्पन्न बन्ने महत्त्वाकाङ्क्षा बोकेको चरित्र हो । उसमा धन कमाएर आफ्नो गरिब परिवारलाई सम्भ्रान्त बनाउने महत्त्वाकाङ्क्षा पलाएको छ । आफ्नो पारिवारलाई चारैतिरबाट घेरेको आर्थिक समस्या समाधान गर्न मदन एक महिनासम्म पैदल यात्रा गरेर ल्हासामा पुगेको छ । परिवारको सुखसुविधाका लागि त्याग गर्न सक्ने सामर्थ्य मदनमा रहेको छ । ल्हासाबाट अथक परिश्रम गरी धन कमाएर फर्किएको मदन बिच बाटामै बिरामी हुन्छ । बिरामी भएको मदनलाई उसका साथीले जङ्गलको बिचमा नै अलपत्र छाडेर बाटो लाग्छन् । एक्लै जङ्गलको बिचमा फालिएको मदनलाई भोटेले उपचार गरेर सन्चो बनाएपछि मदन आफूले अथक परिश्रम गरी ल्याएका सुनका थैला बाँड्ने कुरा गर्छ । मानिसको जीवनमा धनको भन्दा बढी महत्त्व मनको हुन्छ भन्ने कुरा मदनले बुझेको छ । यस काव्यमा मदनको भूमिका असल पति, उद्यमी छोरा, तत्कालीन नेपालको निम्न मध्यमवर्गीय जीवनको प्रतिनिधित्व गर्ने पात्रका रूपमा रहेको छ । मदन आफ्नै सङ्घर्षबाट सुखी जीवन बिताउन चाहन्छ तर नियतिको कठोर प्रहारका कारण जीवनदेखि नै पराजित हुन पुगेको छ । मदन *'मुनामदन'* खण्डकाव्यमा प्रशस्त धन कमाएर मुनाको मन जित्न चाहने पात्र हो । उसले धन त कमायो तर मुनाको मन मात्र होइन मुनालाई नै प्राप्त गर्न असफल भयो । यसरी *'मुनामदन'* खण्डकाव्यमा आएको मदन एक मातृभक्त पुत्र, जिम्मेवार पति, राष्ट्रवादी युवक, सङ्घर्षशील प्रेमी जस्ता भूमिकामा रहेको पात्रका रूपमा आएको छ । मदनमा सत्, प्रमुख, अनुकूल, वर्गीय, परिवर्तनशील, बद्ध जस्ता चारित्रिक विशेषता रहेका छन् ।

*'मुनामदन'* खण्डकाव्यमा आएकी मुना नायिका अर्थात् प्रमुख नारी पात्र हो । खण्डकाव्यको कथावस्तुका आधारमा हेर्दा मुना बद्ध पात्र हो । तत्कालीन नेपाली समाजमा रहेका विदेशमा धन कमाउन जाने अधिकांश युवकका श्रीमतीको प्रतिनिधित्व मुनाले गरेकी छ । मुनाले धनलाई जीवनको सर्वस्व ठान्ने मदनले भन्दा फरक विचार राखेकी छ । छुट्टिएर पैसा कमाउनुको साटो सँगै बसेर बरु साग र सिस्नु खाने विचार मुनाको पाइन्छ । यसका आधारमा हेर्दा मुना धनलाई भन्दा मनलाई महत्त्व दिने चरित्रका रूपमा आएकी छ । धनप्रतिको वितृष्णाका कारण मुनामा केही मात्रामा आदर्शवादी चरित्र पनि देखिन्छ । पति विदेश गएको थाहा पाएपछि समाजका केही दुष्ट व्यक्तिले मुनाको सतीत्वहरणको प्रयास गरेका छन् । मुनाले आफ्नो पातिव्रत्य धर्म पूर्णरूपमा निर्वाह गरेकी छ । मुना यस खण्डकाव्यमा आफ्नो कर्तव्यपथबाट विचलित नभईकन भौतिक सुखसुविधालाई पछाडि धकेल्दै निरन्तर परिवारको सेवामा समर्पित हुने, धनभन्दा मनलाई उच्चासनमा राख्न चाहने, सत्, अन्तर्मुखी कविको जीवनदृष्टिको वक्ता वा मुखपात्रका रूपमा आएकी छ । मुना यस खण्डकाव्यमा आदर्श नेपाली नारी, आदर्श पत्नी, आदर्श शीलवती बुहारी, पतिव्रता नारी धनलाई भन्दा मनलाई जीवनको उच्चतम प्राप्ति ठान्ने नारी, पीडा र सङ्कट बेहोरेका निम्न मध्यमवर्गीय नारीको प्रतिनिधि गर्ने पात्रका रूपमा

आएकी छ । खण्डकाव्यको प्रारम्भदेखि अन्त्यसम्म मुनाको विचारमा परिवर्तन आएको छैन । मानिसको जीवनमा धनभन्दा मन निकै महान् हुन्छ भन्ने भावनाको प्रतिनिधि वक्ताका *रूप*मा मुना आएकी छ ।

*'मुनामदन'* खण्डकाव्यमा आएको भोटे सहायक पुरुष पात्र हो । भोटेले भोटबाट घरतिर फर्किएर आउँदा बिच बाटामै हैजा लागेर मरणासन्न अवस्थामा पुगेको मदनलाई भेट्टाएर आफ्नो घर लैजान्छ । मदनलाई औषधोपचार गरेर निको पार्ने भोटे देवकोटाको मानवतावादी धारणा व्यक्त गर्ने पात्र हो । खण्डकाव्यमा यसको भूमिका धेरै छैन । खण्डकाव्यमा थोरै अंशमा खण्डकाव्यकार देवकोटाको मानवतावादी विचारको वाहक पात्रका *रूप*मा भोटे उपस्थित छ । भोटे काव्यमा सहरिया वातावरणबाट प्रेरित नभएको निश्छल, निःस्वार्थ भावनाले ओतप्रोत भएको आदर्शवादी चरित्र बनेको छ । भोटे प्राकृतिक रमणीयताले सजिएको सुन्दर ठाउँमा बसेको छ । आफूलाई मानवसेवामा समर्पित गरेको छ । उसको जीवन पूर्णतः प्राकृतिक रहेको छ । आर्थिक लोभ पनि नभएको अनि सबैलाई समानताको आँखाले हेर्ने भोटेले स्वयम् देवकोटाकै प्रतिनिधित्व गरेको आभास हुन्छ । भोटे गीताको कर्मवादी अवधारणाअनुसार कर्म गर तर फल दिने अर्कै व्यक्ति भएकाले फलको अपेक्षा नगर भन्ने मान्यता बोकेको कर्मवादी पात्र हो । सामान्य मानिसले व्यावहारिक जीवनमा गर्ने सहयोग र परोपकारभन्दा भोटेले दर्साएको मानवतावाद र त्यागको भावना बढी देखिन्छ । त्यसैले देवकोटाको चारित्रिक अवतारका रूपमा भोटे आएको छ । भोटेले यस काव्यको नायक मदनलाई सहयोग गर्नुले यो सहायक सहयोगी पात्र बन्न पुगेको छ । त्यसै गरी अनुकूल, सहयोगी भावना बोकेको परोपकारी, मानवतावादी, आदर्शवादी व्यक्तिको प्रतिनिधित्व गर्ने पात्रका रूपमा भोटे आएको छ ।

*'मुनामदन'* खण्डकाव्यमा माथि उल्लेख गरिएभन्दा अन्य पात्रहरूको प्रयोग पाइन्छ । यस्ता पात्रहरूले पनि नेपाली समाजका विभिन्न वर्गको प्रतिनिधित्व गरेका छन् । *'मुनामदन'* खण्डकाव्यमा आएकी मदनकी आमाको खासै उल्लेख्य भूमिका त देखिँदैन तर छोराहरू विदेसिएका कारण तिनैको स्मरण गरी तड्पिएर बस्ने नेपाली निम्न मध्यमवर्गीय जीवनको चित्र यिनमा पाइन्छ । उनी वात्सल्यमयी मायालु आदर्श माता र आदर्श सासूका रूपमा खण्डकाव्यमा आएकी छन् । मदनकी दिदी मदनलाई सम्झाउनका लागि आएकी छन् । यसैगरी यस खण्डकाव्यमा आएका गुण्डा र नैनी खल पात्र हुन् । यिनैका कारणबाट खण्डकाव्य वियोगान्त अवस्थामा पुगेको छ । यिनीहरू सहरिया सामन्ती सभ्यताको प्रतिनिधित्व गर्ने, धनकेन्द्री, भोग विलासितामा जीवन बिताउन चाहने, जीवनको अस्तित्व बोध नभएका असत् पात्र हुन् । नारी भएर नारीको अस्मितासँग खेलवाड गर्न चाहने नैनी नेपाली समाजमा रहेका चरित्रहीन (कुलटा) नारीको प्रतिनिधि पनि हो । भोटबाट मदनसँगसँगै घर आएका साथीहरू नैतिकता नभएका मानवतावादी चेतना नभएका, स्वार्थी, सामन्ती/धनवादी प्रवृत्तिबाट पात्र हुन् ।

*'मुनामदन'* खण्डकाव्यमा आएका मुना, मदन, आमा आदि आलम्बनको जीवन करुणाले भरिएको छ । मदन पैसा कमाउनका लागि ल्हासा जान लागेको कुरा मुनालाई मन परेको छैन । बरु यही देशमा परिश्रम गरौँला तर विदेश जाने कुरा नगर्नू भन्दै मुनाले पटक पटक आग्रह गरेकी छन् । मदनले पनि आफू खुसीका साथ ल्हासा जाने इच्छा राखेको छैन । बुढी आमा पनि आफ्नो छोरो आफूलाई छोडेर विदेश नलागोस् भन्ने चाहन्छिन् । एक पटक सम्पत्ति कमाएर ल्याउने अनि परिवार सबै इच्छा पूरा गर्ने मनशाय लिएर मदन भोट जाने कुरा गर्छ । मुना र आमाका पटक पटकका अवरोधका बिच पनि मदनले भोटको यात्रा तय गरेरै छाड्छ । खण्डकाव्यमा आएका मुना, मदन, आमा आदि पात्रले भोगेको जीवन त्यति सुखी छैन । उनीहरू काव्यमा शोकभावलाई परिपाक अवस्थासम्म पुऱ्याउने कारणका *रूप*मा आएका छन् । मुनाको जीवन, मदनको जीवन

अनि आमाको जीवन खुसीभन्दा दुःखमा बितेको छ । यसैले यी आलम्बन करुण रसको स्थायीभाव शोकको अनुकूल रहेका छन् ।

### उद्दीपन विभाव

*'मुनामदन'* खण्डकाव्यमा काठमाडौँदेखि ल्हासासम्मका विभिन्न भौगोलिक धरातलहरू उद्दीपन विभावका रूपमा आएका छन् । खण्डकाव्यमा नेपालदेखि चीनसम्मका भूभागलाई उद्दीपनका रूपमा चित्रण गरिएको छ । काठमाडौँ र ल्हासा सहरको चित्रणमा कविले विशेष जोड दिएका छन् । काव्यको विभिन्न स्थानमा प्राकृतिक रमणीयता तथा प्रकृतिको विद्रूपतालाई उद्दीपन विभाव बनाइएको छ । यस काव्यमा प्रकृतिको मानवीकरण गर्ने र मानवलाई पनि प्रकृतिका रूपमा चित्रण गरेर समन्वयात्मक अभिव्यक्ति दिइएको छ । खण्डकाव्यमा समाज, संस्कृति र प्रकृतिको त्रिकोणात्मक प्रस्तुतिमा चासो दिइएको छ । यस खण्डकाव्यमा आएको कालिक परिवेशका रूपमा तत्कालीन राणा शासन काललाई लिन सकिन्छ । यस खण्डकाव्यको कथावस्तु प्रवाहित भएको समयावधि छसात महिनाको हो । काव्यमा ल्हासा जाँदा त्यहाँ देखापरेको बौद्ध संस्कृतिको झलक घ्याङ्घुडे घण्टा, गुम्बा, शिर खौरेका भोटेका गुरु, सुनमा कुँदेको बुद्धको मूर्ति आदिको चित्रण पाइन्छ । ईश्वरलाई सम्झिएर चित्त बुझाउने, कृष्ण र राधा झुलन (पिङ) खेलेको कुरा, स्वर्ग जाने कुरा, शिव र पार्वतीजस्ता पौराणिक देवदेवीको वर्णन र हिन्दु धर्मसंस्कृतिसँग सम्बन्धित पक्षलाई पनि खण्डकाव्यमा उठाइएको छ । गरिबीले व्याप्त, सम्भ्रान्त बन्न चाहने, झुटको जालो फिँजाएर आफ्नो चाहना परिपूर्ति गर्ने, झुटको खेतीमा बाँच्ने जस्ता विभिन्न कुरालाई उठाएर नेपाली समाजको झल्को दिइएको छ । झरना, हिमाल, डाँडापाखा, पर्वत, ऋतुको परिवर्तन, हिमपात जस्ता विषयको चित्रण गरी प्राकृतिक सौन्दर्यलाई पनि परिवेशका रूपमा उठाइएको छ । यिनै विविध परिवेश उठाएर सहरी या व्यापारी सभ्यताप्रति विकर्षण जगाइएको छ । ग्रामीण निश्चल प्राकृतिक सभ्यतालाई समर्थन गरिएको छ । खण्डकाव्यमा मुनाको मृत्यु, मदनको मृत्यु, आमाको कारुणिक अवस्था देखाएर शोक स्थायीभावलाई परिपुष्टि गरिएको छ । यी सबै पात्रले भोगेको जीवन निकै दुःखद छ । खण्डकाव्यमा आएका नेपालदेखि भोटसम्मका सबै उद्दीपक घटक शोकभावलाई सबल बनाउने किसिमका छन् । मदनले भोट पुग्नका लागि गरेको सङ्घर्ष र बाटामा हैजाका कारण भोग्नुपरेका विपत्ति शोक भावसँग सम्बन्धित रहेका छन् । यी सबै प्रसङ्गबाट शोक स्थायीभाव प्रकट भएको छ ।

### अनुभाव

*'मुनामदन'* खण्डकाव्यमा शोक स्थायीभावलाई परिपुष्टि गर्ने किसिमका कायिक, वाचिक, सात्त्विक तथा आहार्य अनुभाव प्रकट भएका छन् । खण्डकाव्यमा आएका यिनै अनुभावको शृङ्खलाबाट कथावस्तुको संरचना निर्मित भएको छ । खण्डकाव्यका पात्रद्वारा गरिएका कायिक, वाचिक, सात्त्विक तथा आहार्य क्रियाको क्रमिकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

मदनको परिवारमा आफू, बुढी आमा र श्रीमती गरी जम्मा तीन जना सदस्यहरू रहेका छन् । आफ्नी बुढी आमालाई दुध पिलाउने, उनको इच्छाअनुसार पाटी र धारा बनाउने चाहना पूरा गर्ने, मुनालाई सुनको खँदिलो बाला लगाइदिने अनि साहुको ऋणबाट मुक्त भई घरजग्गा आफ्नो बनाउने चाहना राख्दै पैसा कमाउन मदन भोट जाने निर्णय गर्छ । मदनले भोट जाने कुरा गरेपछि मुनाले उसलाई अनेक प्रयत्न गरी सम्झाउने प्रयास गर्छे । मुनाले आफू मदनसँग बिछोडिएर जीवनयापन गर्न नसक्ने भएकाले बरु दुःखै गरेर भए पनि यहीँ सँगै बस्नका लागि आग्रह गर्छे । मुनाको अनुरोधलाई मदनले अस्वीकार गरेपछि आफू पनि उसैसँग जाने चाहना व्यक्त गर्छे । घरमा रहेकी बुढी आमाको हेरचाह गर्नुपर्ने भएकाले मुनालाई आफूसँग भोट लैजान नसक्ने कुरा

मदनले व्यक्त गर्छ । पुरुषसँग पौरषत्व भएन भने त्यसको कुनै अर्थ नहुने दार्शनिक विचार राख्दै आफ्नो पौरषत्व प्रदर्शन गरी धनार्जन गरेर आउने अभिलाषा बोकेर मदन भोटतिर लाग्छ । भोटको यात्राका क्रममा मदनले विभिन्न किसिमका पीडा सहन बाध्य हुन्छ । उसले केही समय पीडा सहेरै भए पनि भोलिको सुखका लागि धन कमाउनुपर्ने सोचाइ लिएर अगाडि बढ्छ । बुढी आमा र मुना उसैको सम्झनामा रोएर बस्छन् । मदनले भोट जाने बाटामा देखेका विभिन्न प्राकृतिक, सांस्कृतिक र धरातलीय यथार्थको वर्णन गर्छ । यस्तै विभिन्न कष्टलाई सहँदै मदन ल्हासाको नजिक पुग्छ ।

मदनसँग बिछोडिएकी मुना मदनकै स्मरणमा रोएर दिनरात बिताउँछे । मदन भोट पुगेपछि लामो समयसम्म पनि कुनै सन्देश पठाउँदैन । मुना भने मदनकै सन्देशको पर्खाइमा हुन्छे । मदनको स्मृतिमा हराएकी मुनामाथि सहरको गुन्डाको आँखा पर्छ । मुनाको रूप सौन्दर्यबाट प्रभावित भएर गुन्डाले मुनालाई फकाउन नैनी भन्ने आइमाईलाई पठाउँछ । तिम्रो लोग्नेले तिमीलाई बिर्सिसक्यो बरु अब तिमीले मदनलाई सम्झिएर यौवन खेर फाल्नुभन्दा कुनै पुरुषसँग सम्बन्ध जोड भन्ने प्रेम प्रस्ताव लिएर नैनी मुनाकहाँ पुग्छे । मुनाले नैनीका कुरा अस्वीकार गर्छे ।

लामो समय पैसामा भुलेको मदनलाई आफ्नो घर र मातृभूमिको सम्झना आउँछ । आफूले आर्जन गरेको सम्पत्ति र सुनका थैला लिएर मदन नेपाल फर्कन चाहन्छ । मुनाले निकै नराम्रो सपना दखेको भनी आमालाई सुनाउँछे । मदनलाई कुनै विपत्ति पऱ्यो कि भनी मुना निकै चिन्तित बन्न पुग्छे । मुना आफूलाई मदनले चिठी पठाएन भनी आमासँग गुनासो पोख्छे । आमाले मदन व्यापारमा व्यस्त भएकाले चिठी नपठाएको होला भनेर सम्झाउँछिन् । उता भोटमा काम गर्ने साथीहरूसँग मदन घरतिर आउँदै हुन्छ । उसलाई बिच बाटैमा हैजाले समात्छ । उसका साथीले मदनलाई बिच बाटामै छाडेर जान्छन् । रोगले व्याकुल बनेको मदन बिच जङ्गलमा पल्टिन्छ । टाढाबाट राँको बालेर कुनै वस्तु मदनतिर आउँदै गरेको हुन्छ । त्यसलाई देखेर मदन डराउँछ । त्यो राँको लिएर आएको भोटे हुन्छ । उसले मदनलाई एक्लै त्यस्तो अवस्थामा देखेपछि उठाएर आफ्नो घर लैजान्छ । भोटेले वनबाट अनेक जडीबुटी खोजेर ल्याउँछ । मदनलाई औषधोपचार गरेर निको बनाउँछ । आफूलाई सन्चो भएपछि मदनले भोटेलाई आफ्नो घरपरिवारका बारेमा बताउँछ । आफ्ना घरका बुढी आमा र प्यारी मुनाले आफूलाई कुरेर बसेका छन् भन्दै मदनले घर फर्कने कुरा सुनाउँछ । ल्हासाबाट आफूले दुईओटा सुनका थैला ल्याएको र ती दुईमध्ये आफूलाई सहयोग गरेबापत एउटा सुनको थैलो लिन मदन आग्रह गर्छ । भोटेले आफूलाई सुनले कुनै काम नदिने कुरा बताउँछ । मदनले भोटेको परिवारलाई आशीर्वाद दिएर घरतिर लाग्छ । मदनका घरमा बुढी आमा मृत्युका दिन कुरिरहेकी हुन्छिन् । ती बुढी आमाले रातदिन मदनलाई सम्झिएकी हुन्छिन् । भोटबाट घर आउँदै गरेको मदन कुती भन्ने ठाउँमा आइपुग्छ । पिपलको रुखको फेदमा विश्राम लिएको मदनले काग कराएको सुन्छ । उसले घरतिर केही आपत्त पऱ्यो कि भनेर सोच्छ । घरमा गुन्डाले मुनालाई नक्कली चिठी पठाउँछ । चिठीमा मदन मरेको खबर लेखिएको हुन्छ । यस्तो खबर थाहा पाएपछि मुना मूर्च्छित हुन्छे र मर्च्छावस्थामा नै उसको मृत्यु हुन्छ । आमा पनि विह्वल भएर पल्टिरहेकी हुन्छिन् । यही अवस्थामा मदन घर आइपुग्छ । मदन आमालाई आफू आएको खबर दिन मदन हतारिन्छ । आमालाई अनेक प्रयास गरेर ब्युँझाउन खोज्छ । आमाको पनि अचेत अवस्थामा नै मृत्यु हुन्छ । मदनले मुनालाई कतै नदेखेपछि दिदीसँग सोध्छ । दिदीले मुना मावल गएको कुरा बताउँछिन् । मदन मुनालाई भेट्न मावलमा नै जान चाहन्छ । दिदीले मुना यस पृथ्वीबाट नै टाढा गइसकेको कुरा बताउँछिन् । यस्तो घटना सुनेपछि मदन शोकामग्न बन्छ । मुनासँगको वियोगका कारण मदन बिरामी पर्छ । कुनै वैद्यको उपचारले पनि मदनलाई सन्चो हुँदैन । अन्तिममा मदनको पनि मृत्यु हुन पुग्छ ।

*'मुनामदन'* खण्डकाव्यमा मुना, मदन तथा आमाको मृत्यु भएको कारुणिक विषय आएको छ । पैसा कमाएर परिवारका चाहना परिपूर्ति गर्ने इच्छा राखेको मदनले भोटबाट पैसा त कमायो तर आफ्नो सबैभन्दा प्यारो परिवार भने गुमाउन पुग्यो । जसका लागि मदनले ज्यानको बाजी लगाएर भोटसम्मको यात्रा गरेको थियो, तिनैसँग बिछोड हुने परिस्थितिका कारण काव्य कारुणिक बन्न पुगेको छ । काव्यमा आएका कायिक, वाचिक, सात्त्विक तथा आहार्य अनुभावको शृङ्खलाबाट कथावस्तुको संरचना निर्मित भएको छ । आलम्बनद्वारा प्रस्तुत गरिएका यिनै अनुभाव नै कथावस्तुको आधार बनेका छन् । काव्यमा एकातिर पात्रको मृत्युको सन्दर्भ शोक बनेर आएको छ भने अर्कातिर मदनको परिवारले भोगेको जीवन पनि अत्यन्तै कारुणिक नै रहेको छ । सधैँ दुःखको चक्रमा फसेको मदनको परिवार काव्यान्तमा मृत्युको भुमरीमा परेको प्रसङ्ग नै शोकभावको कारण बनेर आएको छ । यसैले प्रस्तुत काव्यमा आएका अनुभावले शोकभाव मुख्य बनेको करुण रससँग सम्बन्धित कथानकको निर्माण गरेका छन् ।

**व्यभिचारीभाव**

*'मुनामदन'* खण्डकाव्यमा शोक स्थायीभाव प्रमुख बनेको छ । यही स्थायीभावलाई परिपुष्टि गर्नका लागि चिन्ता, दैन्य, विस्मय, स्मृति, ग्लानि, मूर्च्छा, जडता, अश्रु आदि व्यभिचारीभाव प्रकट भएका छन् । यी सबै व्यभिचारीभावले प्रमुख भावका *रूप*मा आएको शोक स्थायीभावलाई करुण रसका *रूप*मा अभिव्यक्त गरिदिएका छन् । मदनले मुना र आमालाई छोडेर भोटतिर पैसा कमाउनका लागि जाने प्रसङ्गमा परिवारका सदस्यहरूमा चिन्ता अनि दैन्य भाव प्रकट भएका छन् । भोटको यात्रामा रहेको मदनले विभिन्न अद्‌भुत दृश्य अवलोकन गर्न पुगेको छ । बुद्ध धर्मसँग जोडिएका विभिन्न सांस्कृतिक पक्षको चित्रणका क्रममा विस्मय भाव अभिव्यक्त भएको छ । भोटमा पुगेको मदनलाई आमा र मुना दुवैले स्मरण गरेका छन् । त्यस्तै मदनले पनि आफ्नी प्राणप्यारी मुना र आमाको स्मरण गरेको प्रसङ्गमा स्मृति भाव प्रकट भएको छ । मदन भोट गएपछि मुनाको सौन्दर्यमा गुन्डाको आँखा परेको छ । उसले मुनालाई प्राप्त गर्ने कपट बाटो सोचेको छ । गुन्डाले मुनालाई मदनको नामबाट झुटो चिठी पठाएको छ । मदनको मृत्यु भएको चिठी सुनेपछि मुना मूर्च्छा पर्छे । मदनकी बुढी आमासमेत मूर्च्छा पर्छिन् । मुनाको मूर्च्छा भएकै अवस्थामा मृत्यु हुन पुग्छ । ठुलो आघातका कारण आमा पनि होसमा आउन सक्दिनन् । मूर्च्छित अवस्थामा रहेका मुना र आमा दुवैमा जडता भाव प्रकट भएको पाइन्छ । मदन लामो समयपछि घरमा फर्किएर आउँदा आमाको अवस्था देखेर अनि मुनाको अवस्था थाहा पाएपछि आफूले पैसाको मोहमा परेर परिवारका सदस्य गुमाउन पुगेको अवस्थामा ग्लानि भाव प्रकट भएको छ । मदन भोट जाने क्रममा होस् या मदनलाई मुनाले स्मरण गर्दा होस् वा भोटबाट फर्किएको मदनले आफ्नो पारिवारिक अवस्थाका बारेमा थाहा पाउँदाको परिस्थिति नै किन नहोस् अश्रु व्यभिचारीभावको व्यापकता रहेको पाइन्छ । यसरी काव्यको प्रारम्भदेखि अन्त्यसम्म नै शोक स्थायीभावसँग जोडिएका व्यभिचारीभाव प्रकट भएका छन् । यी सबै व्यभिचारीभावले खण्डकाव्यको भाव केन्द्रका *रूप*मा रहेको शोक स्थायीभावलाई करुण रसका *रूप*मा अभिव्यक्त हुनका लागि मद्धत पुऱ्याएका छन् । काव्यमा शोक स्थायीभावको तीव्रतालाई परिपुष्टि गर्नका लागि यी भाव आएका छन् । यिनै व्यभिचारीभावद्वारा पुष्ट बनेको शोक स्थायीभाव करुण रस बनेर प्रकट भएको छ ।

**स्थायीभाव**

*'मुनामदन'* खण्डकाव्यमा मदनको परिवारको कारुणिक अवस्थाको चित्रण गरिएको छ । यस खण्डकाव्यमा आएका मुना अनि मदनको जीवन शोक भावले ढाकिएको छ । यस खण्डकाव्यमा शोक स्थायीभाव प्रमुख बनेर

प्रकट भए पनि अन्य भाव पनि यस काव्यमा आएका छन् । घरमा आफ्नी बुढी आमा र प्यारी मुनालाई छोडेर भोटमा गएर सम्पत्ति कमाएर ल्याउने मदनको चाहनासँगै खण्डकाव्यको विषय अगाडि बढेको छ । आफ्ना प्राणप्यारा मदनलाई भोट नजानका लागि मुनाले गरेको आग्रहले छिटै सम्पत्ति कमाएर सुखी जीवन बिताउने मदनको भित्री चाहनालाई रोक्न सक्दैन । मदन आफ्नी आमा र मुनासँग बिदा भएर भोटको यात्रामा लाग्छ । ऊ विभिन्न समस्या भोल्दै भोटमा पुगेर पैसा पनि कमाउँछ । एक दिन मदनलाई  आफ्नो घरको सम्झना आउँछ । साथीसँग सल्लाह गरेर मदन भोटबाट फर्किएर घर आउने क्रममा बाटामै बिरामी हुन्छ । मदनलाई उसका साथीले बिच बाटामै छोडेर अगाडि बढ्छन् । यही दयनीय अवस्थाबाट शोक स्थायीभावको तीव्र विकास भएको छ । यता मदनको घरमा मुनाको *रूप*सौन्दर्यबाट प्रभावित गुन्डाले मदनका नामबाट कृत्रिम चिठी पठाएर मदन मरेको भुटो खबर मुनालाई दिन्छ । आफ्ना पति मरेको भन्ने थाहा पाएपछि मुना बेहोस हुन्छिन् र उनको बेहोसमै मृत्यु हुन पुग्छ । बुढी भएकी आमाले पनि यी सबै वियोगका बेदना सहन सक्दिनन् र आफ्नो चेतना गुमाउन पुग्छिन् । यी दुवै सन्दर्भले काव्यमा शोक भावको तीव्रतालाई प्रस्तुत गरेका छन् । भोटेको सहयोग पाएर मृत्युको काखबाट बच्न सफल मदन केही समय भोटेकै साथमा रमाउँछ । केही दिनपछि घरमा फर्किएर आएको मदनले आफ्नो परिवारको दुःखद अवस्थाका बारेमा थाहा पाउँछ । शोकको प्रहारबाट घाइते भएको मदन आफूलाई सम्हाल्न नसकी त्यही वियोगको पीडाका कारण मुनालाई भेट्नका लागि स्वर्गतिर प्रस्थान गर्छ । यिनै शोकले भरिएका दुःखद घटनाको संयोजनबाट *'मुनामदन'* खण्डकाव्यको संरचना निर्मित भएको छ । खण्डकाव्यमा शोक स्थायीभावको व्यापकता रहेको छ । मदनको परिवारले भोग्नुपरेको कारुणिक अवस्था खण्डकाव्यमा करुण रसका *रूप*मा प्रकट भएको छ । मुना, मदनकी आमा तथा खण्डकाव्यको नायक मदनले समेत मृत्य वरण गर्नुपरेको अत्यन्त दर्दनाक अवस्था खण्डकाव्यमा चित्रित भएका कारण यो करुण रस अभिव्यक्त भएको खण्डकाव्य हो ।

मुना र मदनको प्रेम प्रसङ्गमा रति, मदनले भोटको यात्रा गरेको प्रसङ्गमा उत्साह, नैनी र गुन्डाको व्यहारप्रति मुनाले देखाएको घृणा, भोटेले देखाएको वत्सल आदि भाव खण्डकाव्यमा पाइए पनि मुख्य *रूप*मा यहाँ शोक स्थायीभावको व्याप्ति नै रहन गएको छ । खण्डकाव्यका पात्रले भोगेको जीवन कारुणिक छ अनि कारुणिक जीवनकै बिचबाट यिनीहरू मृत्युको काखमा ढल्न पुगेका छन् । खण्डकाव्यमा आएको शृङ्खलाबद्ध मृत्युको प्रहारले शोक स्थायीभावलाई करुण रसका रूपमा प्रकट गराइदिएको छ । काव्यमा रति, उत्साह, घृणा, वत्सल आदि भाव अङ्गका *रूप*मा प्रकट भएका छन् भने शोक स्थायीभाव करुण रसमा अभिव्यक्त भएको छ । त्यसैले प्रस्तुत खण्डकाव्य शोक स्थायीभाव करुण रस बनेर प्रकट भएको नेपाली साहित्यको करुण रस प्रधान रचना हो ।

**रसाभिव्यक्तिको अवस्था**

*'मुनामदन'* खण्डकाव्यको मुख्य विषय प्रेम हो । प्रेमको वियोगात्मक अवस्था काव्यमा आएको छ ।  यस काव्यमा धन र मनको द्वन्द्वलाई पनि देखाइएको छ । यस काव्यमा आमाछोराको प्रेम, पतिपत्नीको प्रेम, सासूबुहारीको प्रेम, मानवमानवको प्रेम, दिदीभाइको प्रेम प्रस्तुत भएको छ । यसरी नै काव्यमा आर्थिक विपन्नताका कारण प्रेममा आएको अवरोधलाई पनि प्रस्तुत गरिएको छ । यस काव्यमा मुनाले अध्यात्मवादी मनको प्रतिनिधित्व गरेकी छ भने मदनले भौतिकवादी धनको प्रतिनिधित्व गरेको छ । काव्यको सुरुमा धन कमाउने उद्देश्य लिएर तथा आमा र पत्नीका इच्छा पूरा गर्ने अठोट बोकेर भोट जान निर्णय गर्छ । मुनालाई मदनको भोट यात्रा मन पर्दैन । मुनाले मदनलाई बरु साग र सिस्नु खाऔँला तर सँगै बस्नुपर्छ भन्ने आशयका साथ दिएको अभिव्यक्तिले मनको सर्वोच्चतालाई पुष्टि गरेको छ ।

"हातका मैला सुनका थैला के गर्नु धनले
साग र सिस्नु खाएको बेस आनन्दी मनले ।" *(देवकोटा,* २०७५, पृ.१२)

मुनाको पवित्र आग्रहलाई मदनले स्वीकार गर्दैन, बरु पैसा कमाएर फर्किएपछिको जीवन सुखी हुन्छ भन्ने सोचाइ राखेर भोटतिर लाग्छ । केही समय भोटमा पुगेर काम गरेपछि आफूले आर्जन गरेको सम्पत्ति लिएर मदन नेपाल फर्कन चाहन्छ । नेपाल आउने साथीसँगै फर्किएको मदनलाई बिच बाटामै हैजाले समात्छ । घरमा रहेकी मुनाले नराम्रो सपना देख्छिन् अनि मुनामाथि गुन्डाको कुदृष्टि पनि पर्छ । यही परिस्थितिबाट नै शोक भावले तीव्रता लिन पुग्छ । भोटेको सहयोगबाट मदनले हैजाबाट मुक्ति त पाउँछ तर घर फर्किएर आउँदा उसले मुनालाई भेट्नसमेत पाउँदैन र आमासँग बोल्न पनि पाउँदैन । मुना र आमा दुवै मदनसँग बिछोडिन्छन् । यही अवस्थामा शोक भाव करुण रसका रूपमा अभिव्यक्त हुन पुगेको छ । हुन त काव्यका पहिलेका सन्दर्भ पनि शोक भावसँग सम्बन्धित छन् । काव्यका प्रमुख र सहायक पात्रको वियोगको परिस्थितिले शोक भाव करुण रस बनेर अभिव्यक्त गराइदिएको छ । धनको पछि दौड्दा आफ्नो पारिवारिक सुखशान्ति तहसनहस भएको ठानेर मदनलाई मुनाको अर्तीले छातीमा पोल्न थाल्छ र "गलामा लाग्यो, मुटुमा घुस्यो, अमृत वचन" *(देवकोटा,* २०७५, पृ.५२) भन्दै आफ्नो धनको मोहले नै आमा र पत्नी गुमाउन पुगेको ठान्छ । यसरी यहाँ देवकोटाले मुना र मदनका माध्यमबाट धन र मनको द्वन्द्व देखाएर सुरुमा मदनलाई भोट प्रस्थान गराई धनको विजय गराएका छन् भने अन्त्यमा धनकै कारणले परिवारमा दुःखद अवस्था सृजना भएको देखाएर तथा मदनकै मुखबाट भन्न लगाएर मनको जित गराएका छन् । धनको लोभमा पर्दा पारिवारिक सुखशान्ति तहसनहस भएको देखाएर देवकोटाले आफूलाई मनका पक्षमा उभ्याएका छन् । कविले साग र सिस्नुका खुवाइमा सुख देख्ने सन्तोषी विचार र गरिबीमा सुख नदेख्ने पुरुषार्थी विचारलाई देखाउँदै पुरुषार्थी विचारको अस्थायी विजय र स्थायी पराजय तथा सन्तोषी विचारको अस्थायी पराजय र स्थायी विजय देखाएका छन् । धनले दृष्टिविहीन बनेको मदनलाई बाटामा हैजा लाग्ने, स्वार्थी साथीहरूले परित्याग गर्ने, गरिब भोटेले सेवा गर्नेजस्ता घटनाहरू ल्याएर धनभन्दा मन ठुलो हुने विचार प्रकट गरेका छन् । काव्यमा शोक भावको व्याप्ति रहेको छ । खण्डकाव्यका प्रमुख पात्रको निधन अनि तिनले भोगेको जीवनका कारण काव्यमा करुण रसको अभिव्यक्ति भएको छ । हुन त यस खण्डकाव्यमा मन र धनको सङ्घर्ष पनि शोक भावमा नै गएर टुङ्गिएको छ । मनको प्रतिनिधित्व गरेकी मुना र धनको प्रतिनिधिका रूपमा आएको मदन दुवैको मृत्युका माध्यमबाट खण्डकाव्यमा शोक भावको तीव्रता प्रस्तुत गरिएको छ । यही शोक भाव नै करुण रस बनेर प्रकट भएकाले यो काव्यमा करुण रसको परिपाक पाइन्छ । खण्डकाव्यमा विभाव, अनुभाव तथा व्यभिचारीभावले शोक स्थायीभावलाई परिपुष्ट बनाएका छन् । त्यही परिपुष्ट अवस्थामा पुगेको शोक स्थायीभाव नै करुण रस बनेर प्रकट भएको छ ।

## निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *'मुनामदन'* शोक स्थायीभाव प्रकट भएको खण्डकाव्य हो । यस खण्डकाव्यमा मदन, मुना, भोटे, आमा, गुन्डा, नैनी आदि आलम्बन विभाव आएका छन् । यी सबै आलम्बनमध्ये खण्डकाव्यमा मदन र मुना प्रमुख बनेका छन् । यिनीहरूले भोगेको जीवनले शोक भावलाई पुष्टि गरेको छ । खण्डकाव्यमा आएका अरू आलम्बन यिनैको चरित्र विकासका लागि उपस्थित भएका छन् । विश्लेष्य खण्डकाव्यमा काठमाडौँदेखि ल्हासासम्मका विभिन्न भौगोलिक स्थलहरू उद्दीपन विभावका रूपमा आएका छन् । खण्डकाव्यमा नेपालदेखि चीनसम्मका भूभागलाई उद्दीपनका रूपमा चित्रण गरिएको छ ।  शोक स्थायीभावलाई परिपुष्टि गर्ने किसिमबाट आएका मुख्य पात्रका कायिक, वाचिक, सात्त्विक तथा आहार्य क्रियाका माध्यमबाट अभिव्यक्त भएका छन् । खण्डकाव्यमा यिनै अनुभावको शृङ्खलाबाट कथावस्तुको संरचना निर्मित भएको छ । यही स्थायीभावलाई

परिपुष्टि गर्नका लागि चिन्ता, दैन्य, विस्मय, स्मृति, ग्लानि, मूर्च्छा, जडता, अश्रु आदि व्यभिचारीभाव प्रकट भएका छन् । खण्डकाव्यमा रति, उत्साह, घृणा, वत्सल आदि भाव अङ्गका रूपमा प्रकट भएका छन् भने शोक स्थायीभाव करुण रसमा अभिव्यक्त भएको छ । त्यसैले प्रस्तुत खण्डकाव्य शोक स्थायीभाव करुण रस बनेर अभिव्यक्त भएको छ । काव्यमा आएका अन्य भाव यही शोक स्थायीभावको पुष्टिका लागि आएका छन् । नेपाली खण्डकाव्य परम्पराको *'मुनामदन'* करुण प्रधान कृतिका रूपमा आएको छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०५०). *पूर्वीय समालोचना सिद्धान्त.* पाँ.संस्क.. साझा प्रकाशन ।
आनन्दवर्धन (सन् २०१३).(टीकाकार विश्वेश्वर). *ध्वन्यालोक.* .ते.संस्क.. ज्ञानमण्डल लिमिटेड ।
आप्टे, वामन शिवराम (सन् १९६९ ). *संस्कृत हिन्दी कोश.* दो.संस्क.. मोतीलाल बनारसीदास ।
उपाध्याय, केशवप्रसाद (२०५५). *पूर्वीय साहित्य सिद्धान्त.* तेस्रो संस्क..साझा प्रकाशन ।
ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका.* दो. संस्क.. विद्यार्थी पुस्तक भण्डार ।
तिवारी, प्रेमप्रसाद (२०७७). *महेशविक्रम शाहका कथामा रस.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय ।
दाहाल, लोकमणि (सन् २००८). *साहित्यदर्पण* (१-६). (लेखक विश्वनाथ).चौखम्बा सुरभारती प्रकाशन ।
देवकोटा, लक्ष्मीप्रसाद (२०७५). *मुनामदन.* एस.पी. प्रकाशन प्रा.लि. ।
नगेन्द्र (सन् १९७४). *रससिद्धान्त.* ते.संस्क..नेसनल पब्लिसिङ हाउस ।
भरत (२०५७).*हिन्दी नाट्यशास्त्र.* (टीकाकार बाबुलाल शुक्ल).ते.संस्क..चौखम्भा संस्कृत संस्थान ।
भानुदत्त (सन् १९८८).*रसतरङ्गिणी.* (टीकाकार उर्मिला शर्मा) परिमल प्रकाशन ।
मम्मट (सन् २०१४). *काव्यप्रकाश.* (टीकाकार विश्वेश्वर). छै..संस्क.. ज्ञानमण्डल लिमिटेड ।
विश्वेश्वर (सन् २०१३).(लेखक आनन्दवर्धन ). *ध्वन्यालोक.* .ते.संस्क.. ज्ञानमण्डल लिमिटेड ।
शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* दोस्रो संस्क.. विद्यार्थी पुस्तक भण्डार ।
शुक्ल, बाबुलाल (२०५७). *हिन्दी नाट्यशास्त्र.* (लेखक भरत ).ते.संस्क..चौखम्भा संस्कृत संस्थान